# संरक्षित क्षेत्रसम्बन्धी कानुनका सन्दर्भमा

*विद्यमान व्यवस्था र चाहेको अवस्था*

# प्रस्तावना, उद्धेश्य, वर्गिकरण, व्यवस्थापन योजना,

| विद्यमान व्यवस्था | नयाँ कानूनमा के हुनु पर्छ ? |
|---|---|
| **प्रस्तावना**<br>संरक्षण, सम्बर्द्धन, विकास तथा उचित व्यवस्था र उपयोग गरी सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्ने | - स्थानीय समुदाय र आदिवासी, सरोकारवालाहरु र सरकारको सहकार्य<br>-न्यायका विश्वव्यापी मान्य सिद्धान्त र अन्तर्राष्ट्रिय कानुनी मान्यता बमोजिम नेपालका संरक्षित क्षेत्रको दीगो व्यवस्थापन, सदुपयोग र यसबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड |
| **संरक्षित क्षेत्र व्यवस्थापनको उद्धेश्य**<br>आवश्यक ठानेमा - अस्पष्ट तथा नखुलाइएको | संरक्षण, दीगो उपयोग रं लाभको समन्यायिक बाँडफाँट |

| व्यवस्थापकीय वर्गिकरण<br>सरकार, संस्था र परिषद् | व्यवस्थापकीय वर्गिकरण<br>परामर्शका आधारमा व्यवस्थापकीय वर्गिकरण निर्धारण गर्न पाउने गरी खुला राख्ने |
|---|---|
| **व्यवस्थापन योजना**<br>**राष्ट्रिय निकुञ्ज निकुञ्ज्वा आरक्षको व्यवस्थापन** : राष्ट्रिय निकुञ्ज वा आरक्षको उपयुक्त व्यवस्थाको लागि आवश्यक भएमा तोकिएको अधिकारीले राष्ट्रिय निकुञ्ज वा आरक्ष भित्र शिकार गर्न, कुनै प्राकृतिक उपज हटाउन वा अन्य यस्तै आवश्यक कामहरु गर्न सक्ने । | **व्यवस्थापन योजना**<br>संरक्षित क्षेत्र सम्बन्धी कार्यालयले व्यवस्थापन योजना बनाई परिषद्बाट अनुमोदन गराउनु पर्ने ।<br><br>**स्वीकृती** - ???<br>**कार्यान्वयन** - ????? |

# परिषद्, व्यवस्थापन समिति र उपभोक्ता समूहको संरचना

| विद्यमान व्यवस्था र कठिनाई | हुनेपर्ने व्यवस्था |
|---|---|
| **विद्यमान प्रतिनिधित्व**<br>उपभोक्ता समिति, जिविस र वार्डेन | **हुनुपर्ने प्रतिनिधित्व**<br>- समुदाय, स्थानीय सरकार र सरकारी निकायका साथै निजी क्षेत्र र अन्य सरकोकारवालाहरुको सन्तुलित प्रतिनिधितव<br>- समावेशीय निर्वाचन प्रणाली |
| **बैधानिक हैसियत**<br>अर्ध बैधानिक र कमजोर | **बैधानिक हैसियत**<br>समुदायले एकल रुपमा व्यवस्थापन गरेकोमा परिषद् पूर्ण स्वायत्त हुने र<br>संयुक्त व्यवस्थापन हुने पद्धतिमा परिषद्को बैधानिक हैसियत हुने । |

| | |
|---|---|
| **व्यवस्थापन समिति**<br>**-उपभोक्ता समितिको हैसियतमा रहेको** | **व्यवस्थापन समिति**<br>- व्यवस्थापकीय र समन्वयकारी हैसियतमा **रहने ।** |
| उपभोक्ता समूह<br>- कुनै व्यवस्था नभएको | उपभोक्ता समूह<br>- व्यवस्थापन योजनाको कार्यान्वयन गर्ने गरी बैधानिक हैसियत हुने |

# लाभको समन्यायिक बाँडफाँट

| विद्यमान व्यवस्था र कठिनाई | हुनेपर्ने व्यवस्था |
| --- | --- |
| विकास परियोजना मार्फत खर्च | घरधुरी तहसम्म लाभको बाँडफाँड पुग्दा विकास खर्च र विपन्न एवं प्रभावित वर्गलाई प्रत्यक्ष सहयोगका बीचमा सन्तुलन |
| सञ्चित कोषबाट रातो किताव मार्फत खर्च | संरक्षित क्षेत्रको आम्दानीको सोझै भुक्तानी |
| संरक्षित क्षेत्रको आम्दानी - जहाको तही | **जैविक विविधता अक्षय कोष**<br>-आम्दानीको ५० प्रतिशत सम्बन्धित संरक्षित क्षेत्रमा र बाकी ५० प्रतिशत जैविक विविधता संरक्षण कोषमा जम्मा गर्ने र यस्तो कोषमा सरकार र दाताको रकम पनि जम्मा गरी रकम नपुग भएका संरक्षित क्षेत्रमा उपलब्ध गराउने । |

# सेवा व्यवसाय र स्रोतको परिचालन

| विद्यमान व्यवस्था र कठिनाई | हुनेपर्ने व्यवस्था |
|---|---|
| **सेवा व्यवसायी छनौट**<br>- मन्त्रालयले सिधै छनौट गर्ने<br>- सेवा शुल्क निर्धारण मन्त्रालयले गर्ने | **सेवा व्यवसायी छनौट र स्रोत परिचालन अनुमति**<br>- निश्चित आधारहरु सहित कार्यालयले छनौट गरी परिषद्बाट अनुमोदन<br>- शर्त र आधारहरु उल्लंधन गरेमा विभागले अनुमति खारेज वा न्यायिक उपचार |

चोरी शिकारी नियन्त्रण

| विद्यमान व्यवस्था र कठिनाई | हुनेपर्ने व्यवस्था |
|---|---|
| सरकारी अधिकारीलाई अधिकार, जिम्मेवारी र तजविजी अधिकार दिइएको | - अनुसन्धान तथा तहकिकात गर्ने र मुद्दा हेर्ने निकाय अलग अलग हुनु पर्ने ।<br>- चेरी शिकारी मुद्दा अदालतले हेर्ने व्यवस्था हुनु पर्ने । |

# अनुगमन र प्रतिवेदन प्रणाली

| विद्यमान व्यवस्था र कठिनाई | हुनेपर्ने व्यवस्था |
|---|---|
| अनुगमन र प्रतिवेदन प्रणालीबारे व्यवस्था नभएको | संरक्षित क्षेत्रसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा व्यवस्था गरिएका मापदण्डहरु कार्यान्वयन भए नभएको बारेमा स्वतन्त्र अनुगमन र मूल्यांकन गरी प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था हनुपर्ने । |